जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ६७ २०७९ साल असोज २१ गते शुक्रबार (7 Oct 2022 Friday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मतदातालाई सूचनामा सम्पन्न... ३ पृष्ठमा : के तपाईं उम्मेदवार बन्दै हुनुहुन्छ, ... ३ पृष्ठमा कतारमा टर्कीले सेना...

# सप्तरीमा निर्वाचन अधिकृतको कार्यालय स्थापना



**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि जिल्लाको ४ वटै निर्वाचन क्षेत्रमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

बिहिबार निर्वाचन क्षेत्र नं. २ मा पर्ने सदरमुकाम राजविराजमा मुख्य निर्वाचन अधिकृत तथा क्षेत्र नं. १ को कंचनरुप नगरपालिका, क्षेत्र नं. ३ को शम्भुनाथ नगरपालिका र क्षेत्र नं. ४ को खडक नगरपालिकामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय आफैले उद्‍घाटन गरेका जिल्ला अदालत सप्तरीका प्रमुख न्यायाधिश एवं मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले अब निर्वाचन आयोगले तयार गरेको कार्यतालिका निर्वाचन अधिकृतको कार्यालयबाट अघि बढ्ने बताए ।

उनले निर्वाच नभयरहित वातावरणमा सम्पन्न गर्न सरोकारवाला सबैको सहयोगका लागि अपील गरे । निष्पक्ष निर्वाचनका लागि सबैको सरोकार हुने भन्दै उनले त्यसका लागि आचारसहित र निर्वाचन कानुनहरुको पालना गर्नु पर्नेमा जोड दिए ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले सुरक्षा निकायका साथै सबै सरोकारवालाले निर्वाचनका समयमा भयरहित वातावरण निर्माणमा लाग्नु पर्ने बताए । सरकारले निर्वाचन आयोगको परामर्शमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन आगामी मंसिर ४ गते एकै चरणमा सम्पन्न गर्ने गरि मिति तोकेको छ ।

सप्तरीमा आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि ५ सय ३६ मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन अधिकरी रमेश कुमार जोशीले जानकारी दिए । उनका अनुसार जिल्लाको ४ वटै निर्वाचन

***बाँकी तीन पृष्ठमा***

# कंकालिनीमा ६ सय ६९ राँगाको बलि

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ भारदहस्थित कङ्कालिनी भगवती मन्दिरमा यसपल्ट बडा दसैंको महानवमीका दिन ६ सय ६९ राँगाको बलि चढाइएको छ ।

नेपालकै प्रसिद्ध कङ्कालिनी भगवती मन्दिरमा उक्त सङ्ख्यामा राँगाको बलि दिइएको मन्दिर विकास समितिका अध्यक्ष रामनारायण मण्डलले जानकारी दिएका छन् ।

यस्तै कङ्कालिनी भगवती मन्दिरमा घटस्थापनादेखि महानमवीसम्म करिब २५ हजारको हाराहरीमा खसीबोकाको बलि दिएको अध्यक्ष मण्डलले बताए ।

गत वर्ष भने कङ्कालिनी मन्दिरमा सात सय ४४ राँगाको बलि दिइएको थियो । साथै दुई वर्ष अगाडि कोरोना माहामारीका बेला कङ्कालिनी भगवती मन्दिरमा तीन सय ८५ राँगा र हजारौँको सङ्ख्यामा खसीबोको बलि दिएको थियो ।

आफ्नो मनकामना एवं भाकल पूरा भएपछि नेपालको विभिन्न जिल्ला र छिमेकी राष्ट्र भारतको विहार राज्यअन्तर्गतका विभिन्न जिल्लाबाट पनि राँगाको बलि दिन यहाँ भक्तजन आउने गरेको मन्दिर विकास समितिले जनाएको छ ।

प्रत्येक वर्ष विजयी दशमीका अवसरमा महानमवीका दिन यहाँको मन्दिरमा राँगा, खसीबोका र परेवाको बलि दिने चलन रहेको छ।

कोरोना महामारीका कारण नेपाल-भारत सीमानाका बन्द हुँदा त्यहाँका भक्तजन आउन नसकेको हुँदा राँगा बलिमा कमी अएको बताइएको थियो ।

नेपालको सप्तरी जिल्लासहित सिरहा, धनुषा, उदायपुर, सुनसरी मोरङ, झापा र छिमेकी राष्ट्रिय भारतको विहार राज्यको सुपोल, मधुवनी अररियालगायतका ठाउँबाट लाखौँको सङ्ख्यामा आएका दर्शनार्थी यस मन्दिरमा यस वर्ष पनि विगतकै जस्तो भीड लागेको थियो ।

त्यस्तै सप्तरीकै प्रसिद्ध छिन्नमस्ता भवती मन्दिरमा पनि घटस्थापनादेखि महा नमवीसम्ममा करिब २० हजारको हाराहारीमा खसी बोकाको बलि दिइएको छ ।

# बस दुर्घटनामा १६ को मृत्यु

हेटौँडा, २० असोज (रासस) ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत बाराको जितपुर सिमरा उपमहानगरपालिका-२२ बिहीबार बस दुर्घटना हुँदा १६ जनाको मृत्यु भएको छ ।

चितवनको नारायणगढबाट विरगञ्जतर्फ गइरहेको बागमती प्रदेश ०६-००१ ख ०११० नम्बरको बस सडकमा अनियन्त्रित भइ दुर्घटना भएको हो ।

हेटौँडा अस्पतालमा उपचारका क्रममा मृत्यु भएका १२ जना, चुरेहिल अस्पतालमा दुई जना, सहकारी अस्पतालमा एक जना र भरतपुर लैजाने क्रममा एक जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा बारा-कलैया उपमहानगरपालिकाका लीलाराज चौरसिया, चितवन खैरहनी नगरपालिका-५ की नन्दकुमारी पुडासैनी, चितवन कालिका नगरपालिकाका १५ वर्षीय बालक सफल कँडेल, चितवन खैरहनी-५ का मनोरथ पुडासैनी, बाराका ५५ वर्षीय राम आश्रय राय, पर्सा- १६ की मुन्नी देवि चौरसिया, हेटौँडा-७ की करिब ५५ वर्षीया शुभलक्ष्मी श्रेष्ठ, सोही स्थानकी २० वर्षीया स्वस्तिका श्रेष्ठ, बारा-कलैया-१० का नगरिन खातुन, बारा-अमलेखगञ्जका सुरेश विक, बारा-कलैया का इन्ताज अन्सारी, ओखलढुङ्गाका करिब ४५ वर्षीय लालबहादुर बोगटी गोर्खाका अम्बिका कँडेल र पर्सा-१६ का सकेमप्रसाद चौरसिया रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

बसमा ५२ जना सवार रहेको खुलेको ट्राफिक प्रहरी कार्यालय मवानपुरका प्रहरी निरीक्षक मुनेन्द्र थापाले जनाउनुभयो । घाइतेमध्ये २१ जनालाई उपचारका लागि चितवन, आठ जनालाई वीरगञ्ज र पाँच जनाको हेटौँडा अस्पतालमा उपचार भइरहेको छ । चार जना भारतीय नागरिकलाई आफन्तले भारतमा नै लगेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

**हार्दिक मंगलमय शुभकामना**



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**

अध्यक्ष, तथा

समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.

संचालक समिति परिवार

राजविराज ८, सप्तरी

# मतदातालाई सूचनामा सम्पन्न बनाउँदै निर्वाचन आयोग

काठमाडौँ, २० असोज (रासस) ।

के तपाई मतदाता नामावलीमा आफ्नो नाम छ भन्नेमा ढुक्क हुनुहुन्छ ? आफ्नो मतदानस्थल कहाँ पर्छ भन्ने जिज्ञाशा छ ? छ भने सजिलै थाहा पाउनुहुनेछ ।

निर्वाचन आयोगले आफ्नो वेभसाइटwww.election.gov.np मा सबै मतदाताको क्रम सङ्ख्या, मतदाता नम्बर, मतदानस्थल, मतदाताको आमा बुबा र पति वा पत्नीको नामसहितको विवरण सार्वजनिक गरेको छ । यहाँ आफ्नो मात्र होइन अरुको मतदाता नामावली पनि सम्बन्धित प्रदेश, जिल्ला पालिका र मतदानस्थलअन्तर्गत खोजी गर्दा भेट्न सक्नुहुनेछ ।

फोटो र सम्पर्क नम्बरसहितको मतदाता नामावली भने आयोगले सिलबन्दी गरेर सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचनका समयमा पठाउनेछ ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि आयोगले मङ्सिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाताको विवरण गत भदौ ३१ गते स्वीकृत गरी अन्तिम मतदाता प्रकाशन गरेको थियो ।

सो अघि मतदाता विवरणमा कुनै त्रुटी सच्याउन र दाबी विरोध भएमा उजुरी दिन समय दिइएको थियो । निर्वाचन घोषणा भएपछि निर्वाचन नभएसम्म मतदाता नामावली सङ्कलन कार्य भने स्थगन भएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले मतदाता विवरणमा रहेका सानातिना त्रुटीका कारणले मात्र मतदानको अधिकारबाट कसैलाई पनि वञ्चित हुन नदिने आयोगले प्रयत्न गर्ने बताउनुभयो ।

आयोगले स्वीकृत गरेको नामावली विवरणअनुसार मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि एक करोड ७९ लाख अठासी हजार पाँच सय ७० मतदाता हुनेछन् । निर्वाचन घोषणा भएको गत साउन १९ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गरी निर्वाचन हुने अघिल्लो दिन मङ्सिर ३ गतेससम्ममा १८ वर्ष उमेर पूरा हुने अठासी लाख ४७ हजार पाँच सय ७९ महिला, ९१ लाख ४० हजार आठ सय छ पुरुष र एक सय ८५ अन्य गरी एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता नामावली कायम भएका हुन् ।

गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा एक करोड ७७ लाख ३३ हजार सात सय २३ मतदाता कायम रहेका थिए । आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि मतदाता सङ्ख्यासमेतका आधारमा कूल १० हजार आठ सय ९१ मतदानस्थल र सोअन्तर्गत २२ हजार दुई सय २६ मतदान केन्द्र रहने गरी स्वीकृत गरेको छ ।

आयोगका अनुसार यस निर्वाचनका लागि सबैभन्दा बढी मतदाता रहेका जिल्ला मोरङ (सात लाख ३५ हजार पाँच सय २५), झापा (छ लाख ६३ हजार तीन सय ११) र काठमाडौँ (छ लाख ५२ हजार एक सय २६) छन् भने सबैभन्दा कमतर्फ क्रमशः मनाङ (छ हजार सात सय ७९), मुस्ताङ (१० हजार नौ सय ५७), र डोल्पा (२२ हजार सात सय ७४) रहेका छन् ।

**सूचना सम्प्रेषण प्रभावकारी बनाइँदै**

आयोगले निर्वाचनसँग सम्बन्धित जिज्ञाशा र अन्योलबारे मतदाताका प्रश्न भएमा दसैँलगत्तै पैसा नलाग्ने फोनमा फोन गरेर समाधान गराउनेछ । आयोगले सञ्चारमाध्यमसँग सहजीकरण गर्न र निर्वाचनबारे सही तथा प्रभावकारी सूचना सम्प्रेषण गर्न यही असोज १४ गतेबाट बहादुर भवनमा प्रेस अफिस स्थापना गरी सञ्चालन गरिरहेको छ ।

आयोगले सामाजिक सञ्जालमार्फत पनि निर्वाचन कार्यक्रम, उम्मेदवार मनोनयनपत्रका लागि आवश्यक कागजात, निर्वाचन खर्चका हदजस्ता विषयलगायत सूचना प्रवाह गरिरहेको छ । सूचनामा सहजीकरणका लागि आयोग नियमित प्रवक्ता शालिग्राम शर्मा पौडेलका अतिरिक्त, समानुपातिक प्रणालीका लागि बेग्लै प्रवक्ता गुरुप्रसाद वाग्ले र थप तीन जना (सूर्यप्रसाद अर्याल, ऋषि भुसाल र कमल भट्टराई) लाई सहायक प्रवक्ता तोकेको छ । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयले नमूना मतदानलगायतको कार्य गरेर मतदातालाई सूचना प्रवाहको कामसमेत गर्नेछन् ।

आयोगले निर्वाचनका लागि डिजिटल माध्यमलाई बढी प्रयोग गरेर मतदाता शिक्षा सञ्चालनको योजना अघि सारेको छ ।

**दसैँ बिदामा पनि निर्वाचन कार्यक्रम**

आयोगले दसैँ विदाका समयमा पनि निर्वाचन कार्यक्रमलाई निरन्तरता दिएको छ । निर्वाचन कार्यक्रम अनुसार समानुपातिक प्रणालीतर्फ यही असोज २० गतेदेखि २२ गते ३ बजेसम्म उम्मेदवारी फिर्ता लिएको कारणबाट रिक्त हुने स्थानमा सोही समूहले अर्को उम्मेदवारको मनोनयन गरी सम्बन्धित राजनीतिक दलले आयोगमा पेस गर्ने निर्वाचन कार्यक्रम छ ।

यस्तै यही असोज २२ गते उम्मेदवारको बन्दसूचीमा सूचना प्रकाशन गर्ने, असोज २३ गतेदेखि २९ गतेसम्म बन्दसूचीमा नाम समावेश भएका उम्मेदवारको योग्यतासम्बन्धी दाबी विरोधको निवेदन दिने, असोज ३० गते दाबी विरोधको निवेदनमाथि जाँचबुझ र निर्णय लिने, कात्तिक ८ गते बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने र कात्तिक ९ गते उम्मेदवारको बन्दसूची अन्तिमरुपमा प्रकाशन गर्ने कार्यक्रम छ ।

आयोगले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ असोज २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता र मनोनयनपत्रको सूची प्रकाशन गर्ने कार्यक्रम तय गरेको छ । असोज २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने, असोज २४ देखि २५ गतेसम्म मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी निर्णय गर्ने तालिका छ ।

यस्तै असोज २५ गते उम्मेदवारको नामावली प्रकाशन गर्ने र असोज २६ गते उम्मेदवारको नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने एवं उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम छ ।

# मधेसी समुदायमा बढ्दै दसैँको रौनक

धनुषा, २० असोज (रासस) ।

केही वर्षदेखि तराई-मधेसमा मधेसी समुदायले पनि टीका लगाएर दसैँ पर्व मनाउन थालेका छन् । धनुषासहित तराई-मधेसका विभिन्न जिल्लामा यसपटक मधेसी समुदायका अधिकांश परिवारले दसैँको टीका थाप्दै दसैँ मनाउन थालेका छन् ।

समाज परिवर्तनको गतिशीलतासँगै जसरी मधेसी समुदायले मात्रै मनाउँदै आएको छठपर्व पहाडी समुदायमा समेत मनाउन थालिएको छ, त्यसरी नै तराई-मधेसमा मधेसी समुदायले समेत दसैँ पर्व मनाउन थालेका हुन् । मधेसको संस्कृति पहाडमा र पहाडको संस्कृति तराईमा साटासाटबाट भाइचारा वृद्धि हुने प्राज्ञ तथा संस्कृतविद रमेश रञ्जन झा बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "यस पहिचानलाई फराकिलो गर्दै टीका ग्रहण तथा मान्यजनबाट आर्शिवाद लिने परम्परा मधेसमा बढ्दै गएको छ । आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म मनाइने यो नेपालको सबै भागमा मनाइने राष्ट्रिय चाड भएको छ ।" नौराथाको अष्टमी र नवमीको दुवै भूगोलमा आ-आफ्नै विशेषता छ । पहाडमा मनाउने दसैँ उत्सव र चाडपर्वको हिसाबले पहाडी समुदायले मनाउने गर्दछन् भने मधेसमा भिन्नखालले दसैँ मनाउने गरिन्छ ।

तराई-मधेसमा निराहार व्रत बसेर तपस्याको रुपमा मनाउने गरिन्छ । धनुषाको महेन्द्रनगरका पुरोहित इन्द्रकान्त झाका अनुसार मधेसी समुदायले नवरात्रिको नव दिन फलाहार गरेर कपाल नकाट्ने, ऐनामा अनुहार नहेर्ने, नङ नकाट्ने, निराहार बसेर दुर्गा माताको पूजा गर्ने गर्दछन् । मधेसमा मन्दिरमा ढोग्ने र जईलाई धारण गर्ने गरिन्थ्यो तर अहिले दुबै समुदायले एक अर्काको घरमा पुगेर दसैँ टीका थाप्ने क्रम बढेको छ ।

वरिष्ठ पत्रकार तथा संस्कृतविद रामभरोस कापडीले दसैँ माता भवानीकै पूजा भएकाले तराई-मधेसमा अलग्गै यसको पहिचान रहेको बताउनुहुन्छ । कापडीले टीकामा महाकाली, महालक्ष्मी र महासरस्वतीको पूजा अराधनाले यस पर्व मनाउने गरेकाले आजको दिन विशेष रहेको बताउनुभयो । आश्विन शुक्ल प्रतिपदामा जमरा राखी नवमीसम्म दुर्गा सप्तशती चण्डी पाठ गरी नवदुर्गा र त्रिशक्ति महाकाली, महालक्ष्मी र महासरस्वतीको विशेष पूजाआजा गरिन्छ । विजया दशमीको दिन भगवतीले दानवी शक्तिमाथि र रामले रावणमाथि विजयी हासिल गरेको उपलक्ष्यमा र खुसीयालीमा नवदुर्गा भवानीको प्रसादस्वरूप रातो टीका र जमरा लगाउने चलन छ ।

शान्ति र सद्भावको सन्देश बोकेर आउने दसैँ पर्वले सम्पूर्ण हिन्दू नेपालीलाई साँच्चिकै शान्तिको अनुभूति दिलाउने गर्दछ । कोरोना महामारीको दुई वर्षपछि यसवर्ष आफन्तबाट टाढाटाढा रहेका परिवारका सदस्य आफ्नो जन्मस्थलो र आफन्त भेट्ने तथा मान्यजनबाट टीका र जमराका साथ आर्शिवाद लिन पाएकामा असाध्यै खुसी देखिन्छन् ।

**तराई-मधेसमा मेला उत्सव**

तराई-मधेसको सहर, बजार एवं गाउँमा पोहोर र यसपालिको दसैँ निकै फरक देखिएको छ । विगतका दुई वर्ष कोरोनाका कारण बन्दाबन्दीले गर्दा उकुसमुकुसकाबीच मधेसवासीले विजयादशमी मनाएका थिए । त्रासबीच थौर सार्वजनिक यातायात चलेकाले घरबाट निस्केपछि गन्तव्यसम्म पुग्ने/नपुग्ने अन्योल र तनावका कारण स्थानीयवासीले त्यतिखेर खुलेर दशमी मनाउन सकेका थिएनन् । मठ, मन्दिर, दुर्गा पण्डाल, मेला र सडक सुनसान थिए । यस महान पर्वको आवागमन र बिदाईको राम्ररी अनुभूति हुनै पाइएको थिएन ।

यसपाली दसैँको सौन्दर्य उत्कर्षमा देखिएको छ । मधेसमा खानपानको भन्दा पनि दसैँमा पूजाको संस्कृति रहेको छ । देवी दुर्गासहित अन्य विभिन्न देवदेवीका प्रतिमा स्थापना गरी भव्यतापूर्वक मेला लगाउने चलन छ ।

मधेस प्रदेशका सबै जिल्लाको प्रमुख बजार तथा केही ग्रामीण क्षेत्रमा पनि भव्यतापूर्वक मेला आयोजना गरिएका छन् । महाअष्टमीमा पर्ने कालरात्रिमा पूजा गर्ने र बलि दिने चलन छ ।

नवमी तिथिका दिन सम्पूर्ण शक्तिपीठमा बलि दिने गरिन्छ । नवमीको दिन जनकपुरधामको प्रसिद्ध राजदेवी मन्दिर, महोत्तरी सोनामाई, सप्तरीको छिन्नमस्तालगायतका शक्तिपीठमा हजारौँको सङ्ख्यामा बोका र राँगा बलि दिइएको छ । मधेसमा दसैँभरि बिहान र बेलुका घरदेखि मन्दिरसम्म पूजा गर्ने चलन रहेकाले हरेक घरमा भक्तिको वातावरण हुने गरेको पण्डित

*बाँकी तीन पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# के तपाईं उम्मेदवार बन्दै हुनुहुन्छ, योग्यताबारे थाहा पाउनुस्...

काठमाडौं, २० असोज (रासस)।

के तपाईं मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फ उम्मेदवारी दिँदै हुनुहुन्छ ? दिँदै हुनुहुन्छ भने त्यसका लागि आवश्यक मापदण्ड थाहा पाउनुभएको छ ? मनोनयनपत्र दर्ता गर्नुअघि उम्मेदवारीको योग्यता र अयोग्यतासम्बन्धी विद्यमान कानूनको व्यवस्थाबारे जानकारी लिएर मात्रै अघि बढ्नुहोला।

निर्वाचन आयोगको निर्वाचनको कार्यक्रमअनुसार यही असोज २३ गते आइतबार उम्मेदवारी मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम रहेको छ। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ र निर्वाचन आयोगले निर्धारण गरेको प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ बमोजिम कुनै व्यक्ति निर्वाचनमा उम्मेदवार हुन नेपालको नागरिक भएको, प्रतिनिधिसभा सदस्य निर्वाचनको हकमा कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र प्रदेशसभा सदस्य निर्वाचनको हकमा सम्बन्धित प्रदेशको कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको हुनुपर्नेछ।

यस्तै २५ वर्ष उमेर पूरा भएको, कुनै सङ्घीय कानूनले अयोग्य नभएको र निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा आर्थिकसुविधा पाउने अन्य लाभको पदमा बहाल नरहेको हुनुपर्नेछ।

विद्यमान कानूनले उम्मेदवारीको अयोग्यतासम्बन्धी पनि व्यवस्था गरेको छ।– निर्वाचनसम्बन्धी प्रचलित कानूनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको, भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा २० वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्ति अयोग्य हुनेछ।

यस्तै सङ्गठित अपराधसम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसुरमा २० वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको, जातीय भेदभाव तथा छुवाछूत, बोक्सीबोक्सी वा बहुविवाहसम्बन्धी कसुरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको हुनुपर्नेछ।

यस्तै अन्य कसुरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको र प्रचलित कानूनबमोजिम कालो सूचीमा रहेकाले उम्मेदवारी दिन पाउने छैनन्।

यस्तै कैदमा बसेको भए अवधिभर, नेपालको संविधानको धारा २९१ विपरीत विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको र मानसिक सन्तुलन ठीक नभएको व्यक्ति अयोग्य हुनेछ। यी व्यवस्थाबारे आयोगले सार्वजनिक सूचना दिइरहेको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार मनोनयनपत्र दर्ता भएको कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने उम्मेदवार वा निजको प्रतिनिधिलाई लागेमा सो विषयमा स्पष्ट प्रमाणसहित सम्बन्धित निर्वाचन अधिकृतसमक्ष उजुरी दिन सकिने व्यवस्था छ। यसरी उजुरी परेको मनोनयनपत्र र दर्ता भएका मनोनयनपत्र जाँच गर्दा कानूनबमोजिम उम्मेदवार हुनका लागि आवश्यक योग्यता पूरा नगरेको र अयोग्यता रहेको भएमा सम्बन्धित निर्वाचन अधिकृतबाट त्यस्तो उम्मेदवारी बदर हुनेछ। निर्वाचन आयोग ऐन, २०७३ को दफा ९ बमोजिम उम्मेदवारी मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने विषयमा प्रमाणसहित निर्वाचन अधिकृतमार्फत आयोगसमक्ष उजुरी दिन सकिनेछ।

उक्त उजुरीमाथि जाँचबुझ गर्दा मनोनयनपत्र दर्ता गर्ने उम्मेदवारको कानूनबमोजिम योग्यता पूरा गरेको नदेखिएको र अयोग्य रहेको पाइएमा आयोगबाट त्यस्ता मनोनयन बदर गरिने हुनाले योग्यता र अयोग्यताका सम्बन्धमा राजनीतिक दल र उम्मेदवार आफैंले यकीन गरी मनोनयनपत्र दर्ता गराउन आयोगले आग्रह गरेको छ।

## मासु घाँटीमा अड्किएर एकको मृत्यु

भरतपुर, २० असोज (रासस)।

मासु खाँदा घाँटीमा अड्किएर चितवनका एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा कालिका नगरपालिका–८ गैरिबारीका ५० वर्षीय धनबहादुर दानी क्षेत्री रहेका छन्।

सोमबार साँझ मासु खाने क्रममा घाँटीमा अड्किए पछि उनलाई उपचारका लागि भरतपुरको पुरानो मेडिकल कलेज ल्याइएको थियो। उनको पुरानो मेडिकल कलेज पुऱ्याउनासाथ मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

### मधेसी समुदायमा ...

लालबाबु झा बताउनुहुन्छ। उहाँले भन्नुभयो, "मधेसको संस्कृतिमा दसैँको अवधिभर खेलिने झिँझिया र भगतईमा केही ह्रास भएको भए पनि पूजापाठमा हरेक वर्ष श्रद्धालुको सङ्ख्या बढ्दै गएको छ।"

दसैँमा एक अर्कालाई शुभकामना आदानप्रदान गर्ने र भोजभतेर गर्ने चलन बढिरहेको नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्णको भनाइ छ। उहाँले भन्नुभयो, "मूर्ति स्थापना गर्ने, प्रतिमा बनाएर देवीको पूजा गर्ने, मेला लगाउने तथा घरमासमेत पूजा गर्ने र व्रत बस्ने चलनका कारण मधेसको समाज एक किसिमले भक्तिमय बन्ने गरेको छ।"

दसैँको महाअष्टमीदेखि विजया दशमीको दिनसम्म विभिन्न स्थानमा मेला लाग्ने हुनाले सुरक्षा चुनौती थपिन्छ। मेलामा पहिले जुवा खेलाउने चलन थियो तर सुरक्षा व्यवस्थामा जुवाले चुनौती थपिने गरेकाले अहिले यस्तो चलन हट्दै गएको छ।

### सप्तरीमा निर्वाचन ...

क्षेत्रमा एकै दिन कार्यालय स्थापना गरि निर्वाचन तालिका अनुसारको गतिविधि तिब्र बनाइएको छ।

प्रहरी उपरिक्षक अविनारायण काफ्लेले निर्वाचनलाई भयरहित र मर्यादित बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी र सेनाको समन्वयमा एकीकृत सुरक्षा प्रणाली लागु गरिएको बताए। उनले यस कार्यमा सशस्त्र प्रहरी र सेनाका साथै नेपाल प्रहरीका १ हजार ६ सय ३४ तथा म्यादी प्रहरीका ३ हजार २ सय ७८ जनशक्ति परिचालन हुने जानकारी समेत दिए।

जिल्लामा कुल ४ लाख १८ हजार ३ सय ७४ मतदाता छन्। जसमध्ये २ लाख १७ हजार २ सय ८२ पुरुष, २ लाख १ हजार ७१ महिला र २१ जना अन्य मतदाता छन्।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


# विश्व समाचार

## कतारमा टर्कीले सेना पठाउने

अङ्कारा, २० असोज (रासस/सिन्ह्वा)।

कतारमा हुने विश्व कप फुटबलमा सुरक्षा सहयोग गर्न टर्कीले सेना पठाउने भएको छ। टर्कीको संसद्ले सोसम्बन्धी कानुन बुधबार पास गरेको हो। टर्कीले आफ्नो सेना कतार पठाउने विषयमा संसद्मा प्रस्ताव ल्याएको र सोसम्बन्धी प्रस्ताव टर्कीको प्रहरीले पास गरेको हो।

कतारमा हुन गइरहेको विश्व कप फुटबलमा सहयोगका लागि टर्कीले सेना पठाउन लागेको हो। कतारले टर्कीसँग सेनाको सहयोगका लागि अनुरोध गरेको थियो र कतारमा हुने विश्वकप फुटबलमा सहयोगका लागि टर्कीले सेना पठाएको भएको हो।

सो सहयोगसम्बन्धी प्रस्ताव टर्कीको संसद्मा गत शनिबार प्रस्तुत गरिएको र मङ्गलबार सो प्रस्ताव पारित भएको हो। उक्त प्रस्तावअनुसार टर्कीले कतारमा छ महिनासम्मका लागि सेना पठाउने भएको छ। टर्कीले कतारमा के कतिजना सेना पठाउने भन्ने बारेमा भने केही बताइएको छैन।

## उत्तराखण्डमा भएको बस दुर्घटनामा तेत्तीसको मृत्यु

नयाँदिल्ली, २० असोज (रासस/सिन्ह्वा)।

भारतको उत्तराखण्डमा एक बस दुर्घटनामा परी मृत्यु हुनेको सङ्ख्या ३३ पुगेको बताइएको छ। उत्तराखण्डमा मङ्गलबार बस दुर्घटनामा परेको थियो। स्थानीय प्रहरीले बुधबार साँझ दिएको जानकारीमा सो दुर्घटनामा परेर मृत्यु हुनेको सङ्ख्या ३३ पुगेको छ। प्रहरीले बस निकै अप्ठ्यारो स्थानमा दुर्घटनामा परेकाले मङ्गलबार रातिदेखि बुधबार रातिसम्म २४ सै घन्टा उद्धार गरेको थियो। प्रहरीले मङ्गलार नै घटनास्थलबाट २० ओटा शव भेटेको र अरु कैयौं घाइते अवस्थामा रहेका बताएको थियो।

उत्तराखण्डको पाउरी गरहल जिल्लाको धुमाकोट भन्ने स्थानमा बस दुर्घटनामा परेको थियो। सो दुर्घटनामा घाइते भएकाको मृत्यु भएको हो। सो दुर्घटनामा परेका २७ जना पुरुष र छ महिलाको शव प्रहरीले भेटेको जनाएको छ। अरु १८ जना अझै पनि घाइतेको उपचार जारी रहेको छ। दुर्घटनाको कारण अनुसन्धानरत रहेको प्रहरीले जनाएको छ। सो पहाडी इलाकामा यसअघि पनि बस दुर्घटना हुने गरेको प्रहरीले जनाएको छ।

## नाइजेरियामा बाढीबाट पचहत्तर जनाको मृत्यु

अबुजा, २० असोज (रासस/सिन्ह्वा)।

नाइजेरियामा बाढीबाट कम्तीमा पनि ७५ जनाको ज्यान गएको बताइएको छ। नाइजेरियाको उत्तरी योबा राज्यमा आएको बाढीबाट ७५ जनाको ज्यान गएको यहाँका अधिकारीले जनाएका छन्। अधिकारीहरुका अनुसार यहाँ गएको मे महिनाबाट सुरु भएको मनसुनबाट अहिलेसम्ममा ७५ जनाको ज्यान गएको हो। यहाँ भारी वर्षा र त्यसपछि आएको बाढीमा परेर ती व्यक्तिको निधन भएको हो।

योबे राज्यका प्राकृतिक प्रकोप व्यवस्थापनसम्बन्धी प्रमुख मोहम्मद गोजेले दिएको जानकारीअनुसार यहाँ बाढीबाट भौतिक सम्पत्तिमा पनि ठूलो क्षति पुगेको छ। यहाँ बाढीबाट दुई सय जना घाइते भएका छन्। त्यस्तै अरु कैयौं व्यक्ति हराएका पनि बताइएको छ। बाढीले यहाँका केही डुङ्गा हराएका छन् भने नागरिकको भौतिक सम्पत्तिमा क्षति पुगेको छ। कतिपय राज्यमा घर भत्काएको र घर बगाएको सो विपत व्यवस्थापत विभागले जनाएको छ।

## अफगानिस्तानको अर्थतन्त्र 'नाटकीय रूपमा धराशायी' भएको भन्दै राष्ट्रसंघद्वारा चासो

संयुक्त राष्ट्रसङ्घ, २० असोज (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घले बुधबार सार्वजनिक गरेको एक प्रतिवेदनमा तालिबान सत्तामा आएयता अफगानिस्तानको अर्थतन्त्रको 'विनाशकारी पतन' भएको र एक वर्षभन्दा कम समयमा धराशायी बनेको जनाएको छ।

त्यसो त सन् २०२१ को अगष्टमा तालिबानले सत्ता सम्हाल्नुअघि अफगानिस्तानको अर्थतन्त्र निकै सानो आकारको थियो र यसको कूल गार्हस्थ्य उत्पादन करिब २० अर्ब अमेरिकी डलर थियो।

तर एक वर्षको अवधिमा यसले 'करिब ५ अर्ब डलर गुमाएको छ,' एसिया र प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) का निर्देशक कन्नी विग्नाराजाले पत्रकार सम्मेलनमा भन्नुभयो। विग्नाराजाले भन्नुभयो, "यो १० वर्षको सञ्चित सम्पत्ति हो, जुन १० महिनामा गुमेको छ। यस प्रकारको नाटकीय पतन हामीले संसारमा कहीं पनि देखेका छैनौं।"

सन् २०२१ को अगष्टदेखि आधारभूत खाद्य वस्तुको मूल्य ३५ प्रतिशतले वृद्धि भए पनि अफगानीले ६० देखि ७० प्रतिशतसम्म खर्च गर्ने गरेका छन्। योमध्ये केहीले आफ्नो आय र घरायसी आयको ८० प्रतिशत पनि खाद्यान्न र इन्धनमा खर्च गर्ने गरेका छन्। अहिले ९५ देखि ९७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको उहाँले बताउनुभयो। यो सङ्ख्या एक वर्ष अघि ७० प्रतिशत थियो।

# प्रत्यक्षतर्फ उम्मेदवारी दिन तीन दिन बाँकी

काठमाडौँ, २० असोज (रासस)। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पहिलो निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न तीन दिन मात्र बाँकी छ। मनोनयनको दिन नजिएकसँगै राजनीति दल उम्मेदवार चयनमा व्यस्त छन्।

निर्वाचन आयोगले तय गरेको निर्वाचन कार्यक्रमअनुसार यही असोज २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता र मनोनयनपत्रको सूची प्रकाशन गर्ने कार्यक्रम छ। असोज २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने तथा असोज २४ देखि २५ गतेसम्म मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी निर्णय गर्ने तालिका छ।

यस्तै असोज २५ गते उम्मेदवारको नामावली प्रकाशन गर्ने र असोज २६ गते उम्मेदवारको नाम फिर्ता लिने तथा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने एवम् उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने गरी तोकिएको छ। समानुपातिक निर्वाचन प्रणालीतर्फ यही असोज २० गतेदेखि २२ गते ३ बजेसम्म उम्मेदवारी फिर्ता लिएको कारणबाट रिक्त हुने स्थानमा सोही समूहले अर्को उम्मेदवारको मनोनयन गरी सम्बन्धित राजनीतिक दलले आयोगमा पेस गर्ने निर्वाचन कार्यक्रम छ।

यस्तै असोज २२ गते उम्मेदवारको बन्दसूचीको सूचना प्रकाशन गर्ने, असोज २३ गतेदेखि २९ गतेसम्म बन्दसूचीमा नाम समावेश भएका उम्मेदवारको योग्यतासम्बन्धी दावी विरोधको निवेदन दिने, असोज ३० गते दावी विरोधको निवेदनमाथि जाँचबुझ र निर्णय लिने, कात्तिक ८ गते बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने तथा कात्तिक ९ गते उम्मेदवारको बन्दसूची अन्तिमरुपमा प्रकाशन गर्ने कार्यक्रम छ।

# समानुपातिकको बन्दसूचीबाट २९ जनाको नाम फिर्ता

काठमाडौँ, २० असोज (रासस)। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि पेस गरिएको बन्दसुचीबाट विभिन्न दलका २९ उम्मेदवारले नाम फिर्ता लिएका छन्।

यही असोज १६ गतेसम्म संशोधन पेस गर्न दिइएको समयमा सो बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसुचीबाट फिर्ता लिन चाहेमा यही असोज १७ गते बिहान १० बजेदेखि १२ बजेसम्म निवेदन दिन सकिने भनिएको थियो।

उक्त प्रणालीका लागि निर्वाचन आयोगद्वारा तोकिएका प्रवक्ता गुरुप्रसाद वाग्लेका अनुसार प्रतिनिधिसभातर्फ नौ र प्रदेशसभातर्फ २० उम्मेदवारले नाम फिर्ता लिएका छन्। फिर्ता लिनेमा दुवै तहमा गरी नेपाली कांग्रेसका नौ, नेकपा (माओवादी केन्द्र)का दुई, जनता समाजवादी पार्टीका पाँच, एकीकृत समाजवादी र जनता समाजवादीका पाँच, नागरिक उन्मुक्ति पार्टीका एक, पुनःजागरण पार्टीका एक र राष्ट्रिय नागरिक पार्टीका पाँच जना रहेका छन्।

उम्मेदवारी फिर्ताबारे सम्बन्धित दललाई आयोगले असोज १७ गते नै जानकारी दिइसकेको छ। यही असोज २० गतेदेखि २२ गते ३ बजेसम्म उम्मेदवारी फिर्ता लिएका कारणबाट रिक्त हुने स्थानमा सोही समूहले अर्को उम्मेदवारको मनोनयन गरी सम्बन्धित राजनीतिक दलले आयोगमा पेस गर्ने निर्वाचन कार्यक्रम रहेको छ।

# सन्दीप लामिछाने विमानस्थलबाट पक्राउ

काठमाडौँ, २० असोज (रासस)। बलात्कारको आरोप लागेका नेपाली राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछाने पक्राउ परेका छन्। कतार एयरवेजको विमानबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिए लगत्तै उहाँलाई प्रहरीले पक्राउ गरेको हो।

काठमाडौँ प्रहरी वृत्तका प्रहरी उपरीक्षक दिनेशराज मैनालीका अनुसार अहिले लामिछानेलाई प्रहरी वृत्त, गौशालामा राखिएको छ। पीडित बालिकाले प्रहरी वृत्त, गौशालामा बलात्कारको जाहेरी दिएकाले उहाँलाई त्यहीँ लगिएको हो। लामिछानेलाई आइतबार अदालतमा उपस्थित गराइने बताइएको छ।

लामिछाने विदेशमै रहेको बेला गत भदौ २१ गते एक बालिकाले आफूलाई लामिछानेले बलात्कार गरेको जाहेरी दर्ता गराउनु भएको थियो। उजुरी पर्दा लामिछाने क्यारेबियन प्रिमियर लिग (सीपीएल) खेल्न नेपाल बाहिर जानुभएको थयो।

# करेन्ट लागेर दाजु भाइको मृत्यु, आमा छोरा घाइते

**दैनिक समाचारदाता जनकपुर, २० असोज।** करेन्ट लागेर धनुषाको जनकपुरधाममा दाजु-भाइको मृत्यु भएको छ भने आमा-छोरा घाइते भएका छन्।

आफ्नै घरमा पानी तान्ने मोटरमा तार जडान गर्ने क्रममा करेन्ट लागेर जनकपुरधाम उपमहानगरपालिका २३ का ६० वर्षीय दिनेश चौधरी र उनका ५४ वर्षीय भाइ रामेश्वर चौधरीको मृत्यु भएको हो।

करेन्ट लागेर गम्भीर घाइते दुवैजनाको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक दिपक रायले जानकारी दिए।

करेन्ट लागेर दिनेशकी श्रीमती निर्मलादेवी र छोरा मुकेश घाइते भएका छन्। आमा-छोराको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ।

# बेपत्ता भएको ३८ दिनपछि वडा सदस्यको शव भेटियो

उदयपुर, २० असोज (रासस)। गत भदौ ९ गतेदेखि बेपत्ता उदयपुरको त्रियुगा नगरपालिका-२ खैजनपुरकी वडा सदस्य छत्रकुमारी थापा (राउत) को शव आइतबार भेटिएको छ। उहाँको शव ३८ दिनपछि फेला परेको हो।

जिल्ला प्रहरी कार्यलयका प्रहरी नायव उपरीक्षक ज्ञानेन्द्र फुयालका अनुसार ३८ वर्षीया राउत गत भदौ ९ गतेदेखि बेपत्ता हुनुहुन्थ्यो। उहाँको कङ्काल बेलका नगरपालिका-८ सेतीखोलास्थित माछापुच्छ्रे सामुदायिक बनमा रुखमा झुण्डीएको अवस्थामा स्थानीयवासीले फेला पारेका थिए।

डिएनए परीक्षणपछि राउतको शव पहिचान भएको र शव आफन्तको जिम्मा लगाइएको प्रहरीले जनाएको छ। राउत गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा त्रियुगा-२ को वडा सदस्यमा निर्वाचित हुनुभएको थियो।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



## विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*